रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ रिब्दीकोट वैशाख १६, २०८१ साल संख्याः १३**

**भाग–२**

## रिब्दीकोट गाउँपालिका

**रिब्दीकोट गाउँपालिकाको कृषि तथा पशुपन्क्षी व्यवस्था सम्बन्धी बनेको ऐन २०७९ को दफा २० बमोजिम गाउँकार्यपालिकाले तल लेखिए बमोजिम सामूहिक कृषि खेती सम्बन्धी कार्यविधि - २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।**

## सामुहिक कृषि खेती सम्बन्धी कार्यविधि – २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१२।२१

**पृष्ठभूमिः**

रिब्दीकोट गाउँपालिका अन्तर्गत कृषिजन्य उत्पादन बृद्धि गर्न, स्वच्छ बिउ उत्पादन गर्न, खेतीयोग्य जमिन तथा अन्य प्रयोजनको लागि कम हुन नदिन, जग्गा बाँझो राख्ने प्रविधिलाई निरुत्साहित गर्न, कम सिंचाई सुबिधा भएका जमिनको प्रयोग गर्न, जङ्गली जनावरले समेत क्षति नगर्ने र कृषकहरुको मागका आधारमा सामूहिक कृषि खेतीलाई व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गरिएको छ ।

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम : "सामूहिक कृषि खेती कार्यविधि, २०८०" रहेको छ ।

२. यो कार्यविधि : रिब्दीकोट गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२ **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ 'कार्यालय' भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

२.२ 'कार्यदल' भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्नेछ ।

२ .३ 'कार्यविधि' भन्नाले सामूहिक कृषि खेती कार्यविधि, २०८० रहेको छ ।

२.४ 'अध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

२.५ 'उपाध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

२.६ 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

२.७ 'सामूहिक कृषि खेती' भन्नाले सामूहिक रुपमा कृषि खेती गर्न अभिप्रेरित भई सामूहिक रुपमा लगानी गरी गरिने खेती प्रणालीलाई भनिन्छ ।

३ **उद्देश्य :**

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

३.१. सामूहिक भावनाबाट अभिप्रेरित भई कृषि उत्पादनमा जोड दिन ।

३.२ गाउँपालिकाको राजश्व आम्दानीमा बृद्धि गर्न ।

३.३ बाँझो जग्गाको भरपुर प्रयोग गरी आम्दानी बृद्धि गर्न ।

३.४ कृषि खेती सम्बन्धि वितरणमुखि नीतिलाई प्रकृयामुखिबाट परिणाममुखि तर्फ लैजाने ।

४. **कार्य संचालन प्रक्रिया :**

४.१ गाउँपालिका/वडा कार्यालयले कृषि खेतीको लागि बिउ बिजन खरिद गरी दिनु पर्नेछ ।

४.२ सामूहिक खेतीबाट उत्पादन गरी बिक्री वितरण गरेको रकम गाउँपालिकाको राजश्व शाखामा आम्दानी बाध्नु पर्नेछ ।

४.३ सामूहिक कृषि खेतीको लागि कम्तीमा २ वर्षको निम्ति जग्गा भाडा लिएको संझौता पत्र पेश गर्नु पर्नेछ । प्रथम पक्ष र द्वितिय पक्ष सहमत भएमा सम्झौताको म्याद थप गरिनेछ ।

४.४ सामूहिक खेतीको लागि श्रमिक, मल बिउ, प्राविधिक सहयोग, अन्य आर्थिक सहयोग र किटनाशक विषादीको व्यवस्थापन गाउँपालिका वा सम्बन्धित वडा कार्यालय आफैले गर्नु पर्नेछ ।

४.५ गाउँपालिका/वडा कार्यालयले सामूहिक कृषि खेतीको लागि आवश्यक बिउ बिजन खरिद प्रक्रिया सार्वजनिक खरिद बमोजिम खरिद गर्नुपर्नेछ ।

५. **अपेक्षित उपलब्धी :**

५.१ कृषकहरुमा सामूहिक भावना अभिबृद्धि हुनेछ ।

५.२. सामूहिक खेती जस्तै: अदुवा/ बेसार/ तरकारी/अकबरे खुर्सानी आदि बिउ/बिरुवा रोपण गर्दा लागेको लगानीको ३ गुणा उत्पादन हुनेछ ।

५.३ गाउँपालिकाको राजश्व आम्दानी बृद्धि भई वडामा आयआर्जनका काम अगाडि बढ्नेछ ।

५.४ कृषि उत्पादनमा बृद्धि भई कृषकहरुको आम्दानीमा समेत बृद्धि गाउँपालिकाको सम्बृद्धि ल्याउनमा टेवा पुग्नेछ ।

५.५ सामूहिक कृषि खेतीले प्रक्रियामुखि भन्दा पनि नतिजामुखि परिणाम देखिनेछ ।

५.६ कार्यालयमा नतिजाउन्मुख व्यवस्थापन प्रणालीको विकास गर्नमा मद्दत पुगेको हुनेछ ।

६. **कार्यक्रम कार्यान्वयन समितिः**

कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि तपशिलको अनुसारको समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| कृषि शाखा | सदस्य सचिव |

७. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारहरु :**

क) सामूहिक कृषिको लागि आवश्यक योजना बनाई कार्यक्रम कार्यान्वयन गर्ने ।

ख) सामूहिक कृषि खेती गर्नका लागि बिउबिजर र किटनाशक औषधिको व्यवस्था गर्नेछ ।

ग) सामूहिक कृषि खेती गरेको स्थानमा बेला बेलामा अनुगमन गर्ने ।

घ) लक्ष्य अनुसारको प्रगतिको समिक्षा गर्ने ।

ङ) सामूहिक कृषि खेतीबाट उत्पादन भएका बालीबस्तु बिक्रीको लागि बजार व्यवस्था गर्ने ।

८. **सामूहिक कृषि खेती गर्नका लागि आर्थिक आधार :**

क) जुन कार्यालय वा कार्यक्रमले कार्यक्रम कार्यान्वयनमा अग्रसरता लिन्छ सोही आयोजक संस्था वा कार्यालयले लागेको खर्च साझेदारीमा समेत संचालन गर्न सक्नेछ। साझेदारीमा कार्यक्रम संचालन गर्दा आपसी समझदारीमा गर्न सकिनेछ।

९. **अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:**

यस कार्यक्रमको अनुगमन, मूल्यांकन र प्रतिवेदन गाउँपालिकाको कृषि समन्वय इकाईले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउँपालिकामा पेश गर्नु पर्नेछ। उक्त बैठक, अनुगमन तथा मूल्यांकन गर्दाको पारिश्रमिक कार्यालयले व्यवस्था गर्नेछ।

१०. **थपघट वा हेरफेर गर्न सक्ने**

१०.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

१०.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

१०.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ।

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत